नेपाल उद्योग वाणिज्य महासंघ
Federation of Nepalese Chambers of Commerce & Industry
FNCCI

मिति २०८३/०४/१५

# प्रेस विज्ञप्ति

## सामाजिक सद्भाव कायमका लागि सकृय रहन प्रदेश महासंघ तथा जिल्ला/नगर संघहरूलाई महासंघको आह्वान

नेपाल उद्योग वाणिज्य महासंघले विगत केही दिनदेखि सुनसरी जिल्लाको कप्तानगञ्ज लगायत तराईका विभिन्न क्षेत्रमा देखा परेका अशान्त वातावरण, श्रृङ्खलाबद्ध घटनाहरू र सर्वसाधारणबीच उत्पन्न तनावप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाउँदै सामाजिक सद्भावका लागि सकृय रहन लागि सबै प्रदेश महासंघ तथा जिल्ला/नगर संघहरूलाई सक्रिय रहन आह्वान गरेको छ ।

तराईका विभिन्न जिल्लामा देखा परेको वर्तमान तनावपूर्ण स्थितिलाई साम्य पारी दिगो शान्ति स्थापना गर्न महासंघले सम्बद्ध सबै पक्षलाई संयमता अपनाउन आह्वान गरिसकेको छ । महासंघले आफ्ना सबै मातहतका प्रदेश महासंघ तथा जिल्ला/नगर संघहरूलाई स्थानीय प्रशासन, राजनीतिक दल, नागरिक समाज, धार्मिक गुरुहरू तथा स्थानीय अगुवाहरूसँग आवश्यक समन्वय गरी भाइचारा र शान्ति सुरक्षा कायम राख्नका लागि सक्रिय पहल गर्न आग्रह गरेको छ । परिस्थिति अनुसार स्थानीय प्रशासनको अनुमतिमा आवश्यकता हेरी सद्भाव र्‍याली आयोजना गरी शान्ति र सद्भावको वातावरण बनाउन महासंघले प्रदेश महासंघ तथा जिल्ला/नगर संघहरूलाई विशेष अपिल गरेको छ । जुनसुकै प्रकारका मतभेद वा असमझदारीको समाधान शान्तिपूर्ण वार्ता र आपसी समझदारीबाट मात्र सम्भव हुने भएको भन्दै महासंघका कार्यबाहक अध्यक्ष सुरकृष्ण वैद्यले सम्पूर्ण प्रदेश महासंघ तथा जिल्ला/नगर उद्योग वाणिज्य संघ तथा महासंघसंग आवद्ध सम्पूर्ण सदस्यहरूलाई आ-आफ्नो क्षेत्रमा अग्रसर भई सामाजिक सद्भाव कायम राख्न विज्ञप्ति मार्फत आग्रह गर्नु भएको छ ।

उक्त घटनामा परी ज्यान गुमाउनेहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै महासंघले शोक सन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गरेको छ । साथै, घाइते हुनुभएका सम्पूर्ण नागरिकहरूको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरेको छ । नेपाल सदियौँदेखि बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक एकताको अनुपम उदाहरण रहँदै आएको स्मरण गराउँदै महासंघले कुनै पनि बहानामा हुने सामाजिक अशान्ति, झडप र हिंसाले सर्वसाधारणको दैनिक जीवनयापनका साथै उद्योग, व्यापार र समग्र देशको आर्थिक गतिविधिमा गम्भीर नकारात्मक असर पुर्‍याउने स्पष्ट पारेको छ । शान्ति र सामाजिक सद्भाव नै मुलुकको समृद्धि र आर्थिक विकासको मुख्य पूर्वसर्त भएको भन्दै महासंघले सबैलाई संयमित रहन आग्रह समेत गरेको छ ।

P.O. Box : 269, Shahid Shukra FNCCI Milan Marg,
Pachali, Teku, Kathmandu, Nepal.
Tel. : 4262061, 4262218, 4266889
Cable : FEDERATION. Fax : 977-1-4261022, 4262007
E-mail : fncci@mos.com.np

पो.ब.नं. २६९, शहीद शुक्र एफएनसीसीआई मिलन मार्ग, पचली, टेकु, काठमाडौं, नेपाल
टेलिफोन : ४२६२०६१, ४२६२२१८, ४२६६८८९
तार : फेडरेशन
फ्याक्स : ९७७-१-४२६१०२२, ४२६२००७
इ-मेल : fncci@mos.com.np

STOP Child Labour



http://www.fncci.org